# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः
च.नं.:

मितिः २०७५।१२।१४

श्री प्रमुखज्यू,
दुल्लु नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
दैलेख ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट दुल्लु नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड २६ लाख ६२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१० लाख ९५ हजार, नियमित गर्नुपर्ने रु.७५ लाख ११ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७९ लाख ८६ हजार र पेश्की रु.६० लाख ७० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।०६।०७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना २० यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# दुल्लू नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। कर्णाली प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत १३ वडा, ७० नगर सभा सदस्य, १५६.७७ वर्ग कि.मी.क्षेत्रफल र ४१,५४० जनसंख्या रहेको छ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि. नं | विवरण | रकम | रकम | सि. नं. | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | ० | ८९०४७२३.७२ | १ | **चालु खर्च** | २६४६३८०४२.३० | २६४६३८०४२.३० |
| | क) नगद | ० | ० | २ | **पूँजीगत खर्च** | १४६४८१३६८.०० | १४६४८१३६८.०० |
| | ख) बैंक | ८९०४७२३.७२ | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | ० | २२८८२५८.४६ | | क) ऋण भुक्तानी | ० | ० |
| | क) आन्तरिक राजस्व | २२८८२५८.४६ | ० | | ख) ब्याज भुक्तानी | ० | ० |
| | ख) राजस्व बाँडफाँड | ० | ० | | ग) अन्य भुक्तानी | ० | ० |
| | ग) अन्य आय | ० | ० | ४ | **लगानी** | ० | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | ४४०७११६८३.३० | | ऋण लगानी | ० | ० |
| | क) वित्तीय समानीकरण अनुदान | २७३४८५०००.०० | ० | | शेयर लगानी | ० | ० |
| | ख) सशर्त अनुदान | १६७२२६६८३.३० | ० | | अन्य लगानी | ० | ० |
| | ग) समपूरक अनुदान | ० | ० | ५ | **धरौटी फिर्ता** | ८५९३१३.०० | ८५९३१३.०० |
| | घ) विशेष अनुदान | ० | ० | ६ | **कोष खर्च** | ० | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | ० | ७ | **मौज्दात** | ० | १२०६९४७५२.५ |
| | क) वित्तीय समानीकरण अनुदान | ० | ० | | क) नगद मौज्दात | १११४०७.६१ | ० |
| | ख) सशर्त अनुदान | ० | ० | | ख) बैंक मौज्दात ( मुलखाता) | ११७९९१०४२.९० | ० |
| | ग) समपूरक अनुदान | ० | ० | | धरौटी | १४३२८८२.०० | ० |
| | घ) विशेष अनुदान | ० | ० | | ग-२-२ खर्च खाता ( सडक बोर्ड) | ११५९४२०.०० | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | ० | | | ० | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | ० | | | ० | ० |
| | क) ऋण प्राप्ति | ० | ० | | | ० | ० |
| | ख) साँवा प्राप्ति | ० | ० | | | ० | ० |
| | ग) ब्याज प्राप्ति | ० | ० | | | ० | ० |
| | घ) अन्य प्राप्ति | ० | ० | | | ० | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | १४०९६४०.०० | १४०९६४०.०० | | | ० | ० |
| ८ | **जनसहभागिता (नगद)** | ० | ० | | | ० | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ७६२६३०००.०० | ७६२६३०००.०० | | | ० | ० |
| १० | **धरौटी आय** | २२९२१९५.०० | २२९२१९५.०० | | | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | लगानीको साँवा फिर्ता | ० | ० | | | ० | ० |
| १२ | अन्य विविध आय | ४१४४०४.३३ | ४१४४०४.३३ | | | ० | ० |
| १३ | आयकर दाखिला बाँकी | ३८९५६८.०० | ३८९५६८.०० | | | | |
| | जम्मा | ५३२६७३४७२.८१ | ५३२६७३४७२.८१ | | जम्मा | ५३२६७३४७५.८१ | ५३२६७३४७५.८१ |

**राजस्वतर्फ :**

| शीर्षक नं. | लगत हसवली समेत | असुली | दाखिला | बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | नगद | लगत | |
| १५११२ | २४२६००.०० | २४२६००.०० | २४२६००.०० | - | - | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **प्रोदभावी लेखा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको यथार्थ स्थिति देखाउँदैन भने शीर्षकगत खर्चको स्थिति समेत विश्लेषण गर्न सकिएन । | |
| २. | **विद्युतीय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वूंदा नं.५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो सञ्चित कोषको हिसाब लगायत बजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यो वर्ष नगरपालिकाले SUTRA प्रयोगमा ल्याएको देखिएन । अतः SUTRA  प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नुपर्दछ । | |
| ३. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादात्म्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । नगरपालिकाले सो अनुसार कार्य गरेको छैन । अतः तोकिएअनुरुपको प्रक्रिया मिलाई कार्यक्रम तयार गर्नुपर्दछ । | |
| ४. | **स्रोत अनुमान तथा बजेट सीमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६  बमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सो अनुसार पेश गरेको देखिएन । | |
| ५. | **बजेट पेश एवं पारित :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१) बमोजिम कार्यपालिकाले तोकेको कुनै सदश्यले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र छलफल पश्चात पेश भएको वजेट असार मसान्त भित्र पारित गरी सक्नुपर्ने व्यवस्था भएकोमा २०७४ श्रावण ४ मा बजेट पारित गरेको छ। ऐनले तोके बमोजिमको समयमा बजेट पारित गरिनु पर्दछ । | |
| ६. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाको प्रमुखबाट प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको पाइएन । अतः अख्तियारी दिई खर्च गर्नुपर्दछ । | |
| ७. | **स्थानीय तथ्याङ्क र अभिलेख :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ८. | **न्यायिक समितिको वार्षिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम नगरपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अतः नगरसभामा वार्षिक विवरण पेश गर्नुपर्दछ । | |
| ९. | **कर सङ्कलन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ बमोजिम नगरपालिकाको वित्तीय अधिकार क्षेत्रमा कानूनबमोजिम बाहेक नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने उल्लेख छ । सोही ऐनको दफा १०२ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाई राजपत्रमा प्रकाशन गर्नुपर्ने र प्रकाशन नभएसम्म लागु नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष राजस्वको स्रोतको रुपमा रु.३०,००,०००।- कर सङ्कलन गर्ने लक्ष्य राखेकोमा रु.२२,८८,२५८।४६ कर असुली गरेको देखिन्छ । ऐन बनाई राजपत्रमा प्रकाशन नहुँदै कर दस्तुर असुल गर्नु कानूनसम्मत् देखिएन । अतः कानून बनाई कर असुल गर्नुपर्दछ । | |
| १०. | **योजना बनाई कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रको विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत एवं क्षेत्रगत विषयको मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले तदनुसार मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । | |
| ११. | **नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष नक्सा पासको कार्य गरेको देखिएन । तसर्थ नक्सा पास गराई भवन निर्माण गराउनेतर्फ पहल गरिनु पर्दछ । | |
| १२. | **ऐन, नियम, कार्यविधि निर्माण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने व्यवस्था छ । २०७४ चैत २१ को निर्णयानुसार नगरपालिकाबाट विभिन्न विषयका १४ वटा ऐन, नियम, कार्यविधि वनाई मस्यौदामा छलफल गरेको भएतापनि पारित भएको स्थिति छैन । तसर्थ समयमा नै ऐन, कानून, नियम र कार्यविधि बनाइ लागू गर्नुपर्दछ । | |
| १३. | **स्थानीय राजस्व परामर्श समिति :** स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ बमोजिम नगरपालिकामा राजस्व सम्बन्धी परामर्शको लागि स्थानीय राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६५ को उपदफा २ मा समितिले राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, कर नीतिको सम्बन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको देखिन्छ । ऐनको उपर्युक्त व्यवस्था बमोजिमको काम, | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कर्तव्य गरेको देखिएन । अतः समितिले सो अनुरुप कार्य गर्नुपर्दछ । | |
| १४. | **स्रोत अनुमान र बजेट निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समिति, दफा ६७ मा स्रोत अनुमान र बजेट निर्धारण समिति गठन गरेको देखिन्छ । त्यस्तै ऐनको दफा ६६(३) मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम कर्तव्य तोकिएको भए तापनि समिति गठन पश्चात ती समितिहरुले ऐनमा भएको व्यवस्था अनुसार कार्य गरेको देखिएन । अतः समितिहरुले ऐनको व्यवस्था अनुरुप कार्य गर्नुपर्ने देखिन्छ । | |
| १५. | **चौमासिक प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नुपर्नेमा पेश गरेको देखिएन । | |
| १६. | **स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन । | |
| १७. | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । नगरपालिकाले गत विगत वर्ष देखिको वक्यौता असुली विवरण नराखेकोले सो स्थिति यकिन गर्न सकिएन । बक्यौता हिसाव राखि अद्यावधिक गर्नुपर्दछ । | |
| १८. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको कर्मचारी दरवन्दी ६० रहेपनि पदपूर्ति ४० मात्र रहेको छ । रिक्त पदपूर्ति गरी कार्यक्रम तथा सेवा प्रवाहमा सहजता ल्याउनु पर्दछ । | |
| १९. | **आन्तरिक नियन्त्रण प्रर्णाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनवमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :<br>● पुराना मालसमानको मूल्य नखुलेको, (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(४)<br>● जिन्सी मालसमानको लिलाम/मर्मत नभएको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३)<br>● पेश्की समयमा फछ्र्यौट नगरेको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३)<br>● उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(२))<br>● वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली, २०६४ को | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | नियम ८)<br>● सवारी साधनको लगबुक नराखेको (आर्थिक कार्यविधी नियमावली, २०६४ को ३६(३))<br>● शिक्षकहरुको तलवी प्रतिवेदन पारित नगराई तलव भत्ता खर्च लेखेको ।<br>कानूनको परिपालना पूर्णरुपमा नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्वारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| २०. | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । | |
| २१. | **बजेट विनियोजन एवं आयोजना सञ्चालन :** आ.व. ०७४।७५ मा अनुमानित कूल बजेट रु.५२ करोड ९७ लाख ५३ हजारको बजेट पारीत गरी पूर्वाधार, सामाजिक विकास, आर्थिक विकास, सामाजिक विकास, लगायतका विभिन्न क्षेत्रगत क्रियाकलापमा बजेट व्यवस्था गरेको देखिन्छ । आय-व्यय अनुमान तयार गर्दा निम्न बमोजिम वडास्तरका आयोजना र नगरस्तरका आयोजना तर्जुमा गरिएको पाइयो । | |

| सि. नं. | क्षेत्रगत कियाकलाप | नगरस्तरका आयोजना संख्या | वजेट (रु हजारमा) | वडास्तरका आयोजना संख्या | वजेट (रु.हजारमा) | प्रतियोजना औषत बजेट (रु.हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार | ४ | ५१००० | १८५ | ६२१४० | ३३५ |
| २ | सामाजिक विकास | ४ | १०९५० | २७८ | ३६०८० | १३० |
| ३ | आर्थिक विकास | ४ | २३१०० | ४९ | ७९८५ | १६३ |
| ४ | संस्थागत विकास | ६ | २९०० | २५ | २८९८ | ११६ |
| ५ | वातावरण तथा विपद व्यवस्थापन | - | - | २८ | ४१६७ | १४९ |
| ६ | वित्तीय व्यवस्थापन तथा सुशासन | २ | ३५० | ७ | ४२९ | ६१ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | उपरोक्त क्षेत्रगत योजनाहरुका अतिरिक्त सशर्त अनुदानका केन्द्रिय बजेट, बजेट उपशीर्षक तथा आन्तरिक स्रोतबाट सञ्चालन, वित्तीय सामानीकरण (चालु, पूँजीगत) बाट खर्च व्यहोरीने गरी वजेट तर्जुमा गरेको देखिन्छ । उपर्युक्त तालिका अनुसार वडा स्तरका योजना संख्या र विनियोजित बजेट तुलना गर्दा प्रतियोजना पूर्वाधारतर्फ रु.३ लाख ३५ हजार, सामाजिक विकास सम्बन्धी योजना रु.१ लाख ३० हजार, आर्थिक विकासका योजना रु.१ लाख ६३ हजार, संस्थागत विकासतर्फ रु.१ लाख १६ हजार, वातावरण तथा विपद् व्यवस्थापन योजनातर्फ रु.१ लाख ४९ हजार र वित्तीय व्यवस्थापन तथा सुशासन सम्बन्धी योजनामा रु.६१ हजारका योजना स्वीकृत भएका छन् । यसरी प्रतियोजना अधिकतम रु.३ लाख ३५ हजारदेखि न्यूनतम रु.६१ हजारसम्मका वडा स्तरीय योजना रहेबाट उक्त बजेटबाट दीगो एवं आधारसिला निर्माण गर्ने किसिमको योजना सञ्चालन नभई खर्च वितरणमूखी कार्यमा मात्र स्रोत साधन खर्चिने भएबाट नगरपालिकाले स्रोत साधनको दीर्घकालीन एवं प्रतिफलयुक्त योजनामा खर्च गर्नेतर्फ ध्यान दिनु जरुरी छ । | |
| २२. | **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १६.५३ प्रतिशत, दोस्रो चौमासिकमा १३.७१ प्रतिशत र तेस्रो चौमासिकमा ६९.९६ प्रतिशत खर्च गरेको देखिएको | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

छ । यसरी नै आषाढ मसान्तमा ३७.७४ प्रतिशत खर्च देखिनुले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । आषाढ महिनामा गरिने निर्माण कार्यको मौसमको प्रतिकुलताले गर्दा कामको गुणस्तरमा कमी हुने र ढिलो कार्य भई सेवाप्रवाहमा समेत ढिलाई हुने भएकाले चौमासिकगत खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र. सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | संघीय अनुदान न.पा. (८०१३४३/४) | ३३८१३४ | ५६३९१ | ४४०९९ | २३७६४४ | १२७२१० |
| २ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (३६५८१९४) | ० | २७६ | ० | ६०० | ६०० |
| ३ | साना सिंचाइ कार्यक्रम. ३६५८४४४ | १५७९ | ० | ० | १५७९ | १५७९ |
| ४ | सडक बोर्ड नेपाल | ३०४० | ० | ३०१० | ३० | ० |
| | **जम्मा:** | **३४२७५३** | **५६६६७** | **४७१०९** | **२३९८५३** | **१२९३८९** |
| | **प्रतिशत:** | | **१६.५३** | **१३.७१** | **६९.९६** | **३७.७४** |

२३. **योजना परिमार्जन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(२) बमोजिम नगरसभाले योजना तथा कार्यक्रम र बजेट पारीत गरे बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । नगरसभाको २०७४।४।४ को निर्णयबाट हेभी इक्वीपमेण्ट (स्काभेटर र टिपर) खरीद गर्न रु.२ करोड बजेट पारीत गरेकोमा २०७४ पौष २५ गतेको कार्यपालिकाको बैठकबाट निम्न बमोजिमका योजनामा बजेट व्यवस्था गरी योजना संशोधन गरेको छ । नगरसभाबाट पारीत योजना कार्यपालिकाको निर्णयबाट संशोधन गर्नु उपयुक्त भएन । अत: कार्यान्वयन गर्न सकिने योजना छनौट गर्नेतर्फ नगरसभाले ध्यान दिनुपर्दछ ।

सभाले छनौट गरेको योजना कार्यपालिकाको निर्णयबाट संशोधन गरेको केही योजनाहरु निम्न छन् :

| सि.नं. | संशोधित योजनाको नाम | बजेट रकम |
|---|---|---|
| १ | कृषि विकासतर्फ | रु.४० लाख |
| २ | पशु विकासतर्फ | रु.४० लाख |
| ३ | आधारभूत स्वास्थ्य/सरसफाईमा | रु.१५ लाख |
| ४ | आधारभूत माध्यामिक शिक्षा | रु.५ लाख |
| ५ | नयाँ नगरपालिका भवनको तला थप | रु.१ करोड |

**सर्शत अनुदान (शिक्षातर्फ)**

२४. **नगर सभाबाट पारीतभन्दा फरक योजना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(२) बमोजिम नगरसभाबाट पारीत योजनाको आधारमा खर्च गरिनु पर्दछ । नगरसभाले पारीत गरेको भन्दा २०७४ फागुन ११ र २०७४ फागुन ३० गते नै कार्यपालिकाको निर्णयबाट निम्न योजनाहरु परिमार्जन एवं बजेट थपघट गरी कार्यान्वयन गरेको देखियो । नगरसभाले पारीत गरेको भन्दा २६ वटा योजनाहरु संशोधन गरेको देखिन्छ । उदाहरणको लागि निम्न योजनाहरु रहेका छन् :

| सि नं | सभाबाट स्वीकृत योजना | बजेट (रु.हजारमा) | परिमार्जीत योजना | वजेट (रु.हजारमा) |
|---|---|---|---|---|
| १ | दुग्धजन्य उत्पादन, डेरी सञ्चालन तालिम | १०० | कालभैरव स्वास्थ्य चौकी, पार्टेसन | १०० |
| २ | आलुखेती विउ खरीद, वडा कार्यालय तारवार | १००/१०० | वडा कार्यालय खारवार | २०० |
| ३ | खोटेगाडा कालिकास्थान कूलो निर्माण | २५० | खोटेगाडाकालिका स्थान िसिंचाई पोखरी निर्माण | २५० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ४ समूह सहकारी सदश्यहरुलाई उत्पादनमूखी अभियान सञ्चालन — १०० — पदाधिकारी कर्मचारी अध्यायन भ्रमण — २००<br>४.१ कर्मचारी तथा पदाधिकारी कृषि अध्यापन भ्रमण — १०० | |
| | यसरी नगरसभाको निर्णय बेगर विभिन्न योजनाहरु कार्यपालिकाको निर्णयबाट परिमार्जन गरेको देखिन्छ । अतः नगरसभाबाट उक्त योजनाहरुको खर्च रकम अनुमोदन गर्नुपर्दछ । | |
| २५. | **छात्रा छत्रवृत्ति, अनुदान, पाठ्यपुस्तक अनुदान र ननस्यालरी अनुदान :** शिक्षा मन्त्रालयबाट स्वीकृत भएको विद्यालय क्षेत्र विकास कार्यक्रम (क्षेत्र, जिल्ला, स्थानीय तह) कार्यान्वयन पुस्तिका २०७४।७५ बमोजिम विद्यालयमा अध्ययनरत छात्राहरुलाई प्रति विद्यार्थीले वार्षिक न्यूनतम रु.४००।- छात्रवृत्ति पाउने अवस्था सुनिश्चित गर्न छात्रवृत्ति वितरणका निश्चित आधारहरु तय गरी छात्रवृत्ति पाउने, छात्राहरुको नामावली सहितको विवरण विद्यालयको सूचना पाटीमा टाँस गर्नुपर्ने, विद्यालयमा नियमित अध्ययन गरिरहेका छात्राहरुलाई दोहोरो नपर्ने गरी अभिभावकको रोहवरमा छात्रवृत्ति वितरण गर्नुपर्ने र स्थानीय तहले छात्रवृत्ति पाउने विद्यार्थी संख्या, छात्रवृत्ति वितरणको भर्पाइ, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नाम नामेसी सहितको विवरण राख्नु पर्ने गरी अनुगमन सूचक तोकेको देखिन्छ । छात्रवृत्ति अनुदान अन्तर्गत आधारभूत तहका छात्रा छात्रवृत्तिमा रु.१६,९३,६००।-दलित आधारभूत छात्रवृत्ति रु.१५,९८,८००।- र दलित माध्यामिक छात्रवृत्तिमा रु.१,९९,५००।- समेत रु.३४,९१,९००।- विभिन्न ५८ वटा विद्यालयहरुमा निकासा गरेको छ । Flash Report को आधारमा विद्यार्थी संख्या यकिन गरी तथ्य तथ्याँकको आधारमा विद्यालयमा निकासा गर्नुपर्नेमा जिल्ला शिक्षा कार्यालयबाट उपलव्ध तथ्याङ्का कारढा केही विद्यालयहरुको Flash Report भिडान गर्न सकिएन । स्थानिय तहले विद्यालयबाट तथ्याँक संकलन नगरेको, निर्देशिकाले तोकेको सूचकहरुको अनुगमन नगरेको जस्ता कारणहरुले छात्रवृत्ति निकासाको नियन्त्रण पक्ष कमजोर रहेको छ । अतः Flash Report का आधारमा छात्रवृत्ति रकम निकासा गरिनु पर्दछ । | |
| २६. | **निःशुल्क पाठ्यपुस्तक अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।७५ बमोजिम स्थानीय तहले सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याँक संकलन गरी यकिन संख्याको आधारमा विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तकको अनुदान विद्यार्थी संख्याको आधारमा ७५ प्रतिशतलाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम नयाँ शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा गर्नुपर्ने उल्लेख छ । निर्देशिकाको कम्पोनेण्ट नं.२.१५.११ मा विद्यार्थीले समयमै पुरा सेट नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलव्धताको सुनिश्चिता कायम गर्ने कार्य स्थानीय तहको हुने समेत व्यवस्था छ । नगरपालिका अन्तर्गतका आधारभूत तहका विद्यालयलाई रु.२०,७७,५८०।- र माध्यामिक विद्यालयहरुलाई रु.३०,६०,४००।- समेत रु.५१,३७,९८०।- निकासा गरेकोमा नगरपालिकाले विद्यार्थीले समयमै पाठ्यपुस्तक पाए नपाएको सुनिश्चितता गरेको अनुगमन प्रतिवेदन पेश नभएको र फोकल पर्सनले पाठ्यपुस्तक वितरणको लगत समेत राखेको देखिएन । पाठ्यपुस्तकको अनुदान निकासा गर्दा शैक्षिक समय तालिका मिलाई पाठ्यपुस्तक वितरण नहुँदा शैक्षिक स्तरमा ह्रास आउने देखिन्छ । अतः निकासा गरेको रकमको अनुगमन गरी सुनिश्चितता गरिनु पर्ने रु. | ५१,३७,९८०।- |
| २७. | **नन्स्यालरी अनुदान (बुक कर्नर) :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।७५ को कम्पोनेण्ट नं.२.१५.११ बमोजिम शिक्षण सिकाई सामग्री तथा वुक कर्नर व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान प्रत्येक सामुदायिक विद्यालयको (कक्षा १-५), (कक्षा ६-८), (कक्षा ९-१०), (कक्षा ११-१२) तहका विद्यार्थी संख्या यकिन गरिएको प्रत्येक तहगत विद्यार्थी संख्याले क्रमशः प्रति विद्यार्थी रु.१५०।- रु.२००।-, रु.२००।- र २५०।- उल्लेखित दरलाई गुणन गरी | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | आएको गुणनफल बराबरको रकम विद्यालयलाई एकमुष्ठ अनुदान निकासा दिने, विद्यालयमा निकासा हुने उक्त रकम विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम विद्यालय सुधार योजना कार्यान्वयन, शैक्षिक सामग्री व्यवस्था, विद्यालय शिक्षाको गुणस्तर सुधार, सामान्य मर्मत सम्भार तथा PMEC को वुक कर्नर तथा सिकाई सामग्री लगायतका क्षेत्रमा खर्च गर्न सकिने उल्लेख छ । नगरपालिकाले ननस्यालरी आधारभूत तहको लागि रु.९,५१,४११।- र माध्यामिक तहको लागि रु.१२,५५,१००।- समेत रु.२२,०६,५११।- विभिन्न विद्यालयको खातामा निकासा गरेको छ । निर्देशिका बमोजिम विद्यार्थी संख्या यकिन गर्ने Flash Report लेखापरीक्षणमा पेश नभएबाट तथ्य तथ्याँकमा विश्वस्त हुन सक्ने अवस्था रहेन । निर्देशिकाले अनुगमन/परिणाम सूचकको रुपमा नगरपालिकालाई जिम्मेवार वनाएको र अनुदान प्राप्त गर्ने विद्यार्थी संख्याको सत्यापन गरी विद्यालयमा उपलब्ध शैक्षिक सामग्री र प्रयोगको अवस्थाको कार्यालयले सुनिश्चितता गर्नुपर्ने देखिएको रु. ---- | २२,०६,५११/- |
| २८. | **एकमुष्ठ शैक्षिक अनुदान :** आ.व.२०७४।४५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिकाको सामाजिक विकास कार्यक्रमतर्फ नगर स्तरीय योजना अन्तर्गत नगर क्षेत्रभित्र पर्ने माध्यामिक विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि रु.३५,००,०००।- बजेट व्यवस्था गरेको छ । २०७५ जेष्ठ ११ गतेको नगर कार्यपालिकाको वैठकको बुँदा नं.२ बमोजिम नगरपालिका अन्तर्गतका विभिन्न विद्यालयको स्थानिय तहको पाठ्यक्रम कार्यान्वयन गर्न जिल्ला शिक्षा कार्यालयबाट अनुमति लिई दरवन्दी नभई कक्षा सञ्चालन गरेका नगरपालिका भित्रका सामुदायिक माध्यामिक तथा आधारभूत (कक्षा ६ देखि ८) तहसम्म सञ्चालन भएका विद्यालयलाई शैक्षिक गुणस्तर तथा स्थानीय तहले निर्धारण गरेका स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि निम्न बमोजिमका विद्यालयलाई एकमुष्ट रुपमा शैक्षिक अनुदान रु.३४,२०,०००।- निकासा गरेको देखिन्छ । स्थानिय भाषाको पाठ्यक्रम लागू गर्नको लागि विद्यालयको निजी स्रोतबाट तलव भत्ता खाने गरी साविक जिल्ला शिक्षा कार्यालयले अनुमति दिएको र विद्यालय व्यवस्थापन समितिले निर्णय गरी राखेका शिक्षकहरुको तलव भत्ता स्वरुप साविकमा पनि शिक्षा कार्यालयको दरवन्दीमा नपरेका र हाल नगरपालिकाले पनि दरवन्दी स्वीकृत नगरेको अवस्थामा नगर प्रमुखको निर्णयको आधारमा एकमुष्ट अनुदान निकासा गरेकोले दरवन्दी बेगरको उक्त निकासा गर्न मिल्ने नदेखिएको रु. | ३४,२०,०००/- |

| सि.नं. | विद्यालयको नाम, ठेगाना | निकासा रकम |
|---|---|---|
| १ | ने.रा.मा.वि. किर्तीखम्व दुल्लु न.पा.७ | ३६००००/- |
| २ | सूर्योदय मा.वि.लम्सु दुल्लु न.पा.१२ | ३६०००/- |
| ३ | नेपाल राष्ट्रिय मा.वि. लेखालगाउँ न.पा.६ | ३६००००/- |
| ४ | भानेश्वर मा.वि. नाउले कटुवाल | ३६००००/- |
| ५ | सरस्वती मा.वि. नेपा दुल्लु न.पा. ४ | ३६००००/- |
| ६ | प्रेमदेवी मा.वि.धामीगाउँ दुल्लु न.पा. ९ | ३६००००/- |
| ७ | महेन्द्र जयदेव मा.वि. छिउडी पुसाकोट दुल्लु न.पा.६ | ३६००००/- |
| ८ | महादेव आधारभूत विद्यालय, दुल्लु न.पा. | १०००००/- |
| ९ | जनकल्याण आधारभूत विद्यालय पाथरनाउली दुल्लु न.पा.५ | १०००००/- |
| १० | भैरव आधारभूत विद्यालय, दह न.पा.१८ | १०००००/- |
| ११ | भैरव आधारभूत विद्यालय, सिपालपा दुल्लु न.पा. ३ | १०००००/- |
| १२ | कृष्ण आधारभूत विद्यालय, नारीकामूलपानी दुल्लु ३ | १०००००/- |
| १३ | ने.रा.आ.वि. मौरीकोट दुल्लु न.पा.४ | १०००००/- |
| १४ | ने.रा.आ.वि. मष्टानारायण पोखरी न.पा.३ | १०००००/- |
| १५ | नवदुर्गा आधारभूत विद्यालय, भजनिया पोखरी न.पा.९ | १०००००/- |
| १६ | ने.रा.आ.वि. रिजुपोखरा न.पा. ५ | १०००००/- |
| | जम्मा | ३४२००००/- |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | **ब.उ.शि.नं. (साना सिंचाई कार्यक्रम)** | |
| २९. | **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ बमोजिम आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र पेश्की दिन नहुने उल्लेख छ । निम्नानुसारका उपभोक्ता समितिहरुलाई आर्थिक वर्षको अन्तमा पेश्की दिएको देखियो । आर्थिक वर्षको अन्तमा पेश्की दिने परिपाटीमा नियन्त्रण गरिनुका साथै नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्ने रु. | ६०,६९,७००.०० |

| ब.उ.शि.नं. | पेश्की लगेको मिति | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|
| ३६५८४४४ | २०७५/३/२५ | विजौरा जल उपभोक्ता समिति, दुल्लु न.पा.१० | २७९०००.०० |
| | २०७५/३/२५ | मालीगाड ओसाउल जल उपभोक्ता समिति, दुल्लु न.पा.११ | ५०००००.०० |
| | २०७५/३/२५ | घट्टेखोला स्याउलेपानी उपभोक्ता समिति दुल्लु न.पा.५ | ५०००००.०० |
| | २०७५/३/२५ | कालीघाट चौरखेत उपभोक्ता समिति दुल्लु न.पा.१० | ३०००००.०० |
| ८०१३४३ | २०७५/२/१६ | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति वडा नं.४ | ७८६५००.०० |
| | २०७५/२/२० | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति वडा नं.५ | ७८६५००.०० |
| | २०७५/२/२८ | दुल्लु अस्पताल | १०५००००.०० |
| | २०७५/३/२५ | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति वडा नं.३ | ६२२७००.०० |
| | २०७५/३/२५ | पञ्चकोशी वेद विद्याश्रम भवन निर्माण समिति | ३१४०००.०० |
| | २०७५/३/५ | म.वि.नि.सरला रेग्मी | ९३१०००.०० |
| | | **जम्माः** | **६०६९७००.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३०. | **पशु विकासतर्फ :** कार्यक्रमको ६.१.५ मा उन्नत जातको वाखा विकास गर्न उन्नत जातको ३ वटा बोका खरिद/ढुवानी र नश्ल सुधार कार्यक्रम अन्तर्गत १३ वटा वोका खरिद/ढुवानी गर्ने कार्यक्रम अन्तर्गत उक्त वोकाहरु ५० प्रतिशत वोयर जातको हुनुपर्ने गरी कार्यक्रम तोकिएको र सो कार्यक्रममा रु.५,१५,०००।- खर्च गरेको छ । स्वीकृत पशु चिकित्सकबाट १६ वटा वोकाको ५० प्रतिशत वोयर जात भएको नश्ल प्रमाणित नहुनुका साथै निरोगिताको प्रमाण समेत नराखी खरिद/ढुवानी गरेको कार्य नियमित नदेखिएको रु. | ५,१५,०००/- |
| | **समानीकरण अनुदान (चालु/पुँजीगत )** | |
| ३१. | **बाँकेगैरा दुल्लु अस्पताल पक्की सडक निर्माण :** उक्त सडक निर्माण कार्य सम्पन्न गर्नको लागि सम्झौता रकम रु.५३,१७,२४९।८१ (मू.अ.कर बाहेक) कायम भै निर्माण व्यवसायी हिमाल कन्सट्रक्सन दैलेखसंग २०७४ आषाढ मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी आ.व.२०७३।७४ मा सम्झौता गरेको देखियो । गत वर्ष (२०७३।७४) मा प्रथम तथा दोश्रो रनिङ विलबाट रु.२८,६८,७४३।८७ मू.अ.कर सहित भुक्तानी गरेको देखिन्छ । यो आ.व. मा तश्रो रनिङ विलबाट रु.२४,५३,६१३।- खर्च गरेको छ । ततसम्वन्धि अन्य व्यहोरा निम्न छन् :- | |
| ३१.१ | **पूर्व निर्धारीत क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकममा दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशत पूर्व निर्धारीत क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । बाँकेगैरा दुल्लु अस्पताल पक्की सडक निर्माणका निर्माण व्यवसायी हिमाल कन्सट्रक्सनले शुरु सम्झौता अनुसार २०७४ आषाढ मसान्तसम्ममा काम सम्पन्न गर्नुपर्नेमा प्रथम पटक वर्षात, स्थानीय सामग्री टाढा, निर्माण सामग्री संकलन गर्न कठिन जस्ता कारण देखाई म्याद थप माग गरेकोमा कारण मनासिव भएको भनि २०७४।६।३० सम्म प्रमुख प्रशासकिय अधिकृतको निर्णयले म्याद थप गरेको छ । दोश्रो पटक वर्षात, दशै तिहार, ढुवानी गर्न वर्षातमा समस्या जस्ता कारण देखाई ३ महिना म्याद थप माग गरेको छ । कार्यपालिकाको वैठकले २०७४।७।१ देखि २०७४।९।३० सम्म दोस्रो पटक | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | हर्जाना नलिने गरी म्याद थप गरेको देखिन्छ । तेस्रो पटक पुनः चिसोमा पिच गर्न नमिल्ने भएकोले २०७५ बैशाख मसान्तसम्म कार्यपालिका वैठकले म्याद थप गरेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा कार्य योजना र कार्यतालिका तयार गर्नुपर्नेमा कार्यतालिका माग गरेको देखिएन ।<br><br>प्रथम पटकदेखि तेश्रो पटकसम्म म्याद थपको लागि निर्माण व्यवसायीले दिएको निवेदनमा वर्षात, निर्माण सामग्री स्थल टाढा भई सामग्री संकलन गर्न समस्या र म्याद थपिदै जाँदा चिसो मौसम पुग्न गएकोले पिच गर्न नसकिने जस्ता कारण देखाएकोमा कार्यालयले म्याद थप गर्दै लगेको स्थिति छ । वर्षातको समयमा काम गर्ने गरी शुरु सम्झौता गरेको, निर्माण सामग्री सङ्कलन गर्ने जिम्मेवारी स्वयं निर्माण व्यावसायीको हुने र थपिदै गएको म्यादको कारणले चिसो मौसम भएकोले म्याद थपका आधारहरु उपयुक्त देखिएन । तसर्थ सार्वजनिक खरिद नियमावलीको प्रावधान बमोजिम सम्झौता रकम रु.५३,१७,२४९।८१ को ०.५ प्रतिशत प्रतिदिनका दरले २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्तसम्मको ३६५ दिनको रु.९,७०,३९७- हुनेमा पूर्वनिधारित क्षतिपूर्ति सम्झौता रकमको दश प्रतिशतभन्दा वढी नहुने हुनाले दश प्रतिशतले हुने रु.५,३०,७२४।९८ पूर्व निर्धारीत क्षतिपूर्ति म्याद थप गर्ने पदाधिकारी समेतलाई जिम्मेवार वनाई असूल गर्नु पर्ने रु. | ५,३०,७२४।९८ |
| ३२. | **बर्थिङ्ग सेन्टर :** नगरपालिकाले थप व्ययभार पर्ने गरी निर्णय गर्नुहुदैन । नगरपालिकाको आ.व. ०७४/७५ को लागि प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत पूँजीगत खर्चमा सामाजिक विकास क्षेत्रको कार्यक्रमबाट नगरपालिका भित्र रहेका स्वास्थ्य चौकीहरुमा २४ घण्टे सेवा सञ्चालन गर्न रु.३० लाख बजेट व्यवस्था गरेको छ । स्वास्थ्य चौकीहरु १० वटामा प्रसूती सेवा सञ्चालन गर्न अ.न.मि.हरुलाई मासिक तलव भत्ता दिइ सकेको अवस्थामा नगरपालिकाले दायित्व व्यहोर्ने गरी नगर कार्यपालिकाको २०७४।१०।४ को निर्णयबाट स्वीकृत दरवन्दी वेगरका अ.न.मि.हरुलाई यो वर्ष भौ.नं.३५ मिति ०७४।१।४ बाट रु.१०,८०,०००।- र भौ.नं.५३२ मिति २०७५।३।२५ बाट रु.४,८१,९३६।- समेत रु.१५,६१,९३६।- खर्च गरेको देखिएकोले नगरपालिकाको निर्णयले थप व्ययभार परेको रु. | १५,६१,९३६/- |
| ३३. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) बमोजिम एक करोड रुपैंयासम्मको काम उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिने व्यवस्था भएकोमा उपभोक्ता समिति मार्फत नगरपालिकाले विभिन्न निर्माण कार्य गराएकोमा देखिएका व्यहोराहरु देहाय अनुसार छन :<br>● उपभोक्ता समितिले कार्यालयले तयार गरेको लागत अनुमान अनुरुप सम्झौता गरेकोमा एक्साभेटर प्रयोग गरी मेशिनबाट कार्य गराउँदा सम्बन्धित एक्साभेटर/डोजर धनिसँग दररेट माग गर्ने र सम्झौता गरी घटीवालासँग नगरी सोझै कार्य गराएको ।<br>● उपनियम ७ बमोजिम उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस नगरेको र उपभोक्ता भेलाबाट खर्चको सार्वजनिकरण केही मात्रामा गरेपनि व्यवस्थित रुपमा श्रमिक संख्या, मालसामानको विवरण, मूल्य आदि खुलाई तयार नगरेको ।<br>● नगरसभाले योजना छनौट गर्दा सर्भे रिपोर्टको आधारमा लागत अनुमान तयार भए पश्चात गर्नुपर्नेमा नगरसभाले बजेट विनियोजित गरेपश्चात योजना सर्भे र लागत अनुमान तयार गरेकोले लागत अनुमान र बजेटबीच तादम्यता नहुने देखिन्छ ।<br>● योजनाको निर्माण कार्य शुरु हुनु पूर्व निर्माण कार्य भइरहेको अवस्था र निर्माण कार्य | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सम्पन्न भएको देखिने गरी स्थलगत फोटोहरु सामेल गरी खर्चको पुष्ट्याईं गर्नुपर्नेमा निर्माण कार्य शुरु हुनु पूर्वको फोटोहरु कुनै पनि योजनामा सामेल नभएको र निर्माण सम्पन्न अवस्थाको केही योजनाका फोटोहरु पेश भएपनि अधिकांशमा निर्माणको यथार्थता देखिने फोटो संलग्न गरेको छैन । खर्चको पुष्ट्याईंका लागि उक्त प्रमाण सामेल गरी खर्च गर्नुपर्दछ ।<br><br>● उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न गरेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त अनुदान रकम र जनश्रमदानबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत पुरै खर्चको विवरण सो निकायमा पेश गर्नुपर्नेमा उपभोक्ता समितिले प्राविधिकबाट जाँचपास गराएपनि खर्चलाई प्रमाणित हुने गरी पूर्णरुपमा जनसहभागिता अंशको वील भरपाई राखेको छैन ।<br><br>● उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको तर कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ ।<br><br>● लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले कार्यालयले गर्ने कार्य, रकम र उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा मात्र खुलाउने गरेको छ । | |
| ३४. | **कम लागतका योजना :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा नं ११(२) मा आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास अर्न्तगत विनियोजन भएको रकमबाट रु.५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था छ । कुल ६३२ योजना मध्ये ७८ वटा ५ लाखभन्दा माथिका योजना रहेको र रु.५ लाखभन्दा कमका ५५४ योजनाहरुका लागि रु.१३ करोड ७० लाख ७ हजार खर्च गरेको छ । योजना प्राथमिकीकरण नहुनु र छरिएर योजना सञ्चालन हुँदा न्यून लागतका योजना छनौट भई उपलब्धी न्युन हुने देखिन्छ । यसबाट उल्लेखनीय योजनामा लगानी नभई कार्यक्रमको प्रभावकारिता कम हुन जाने हुँदा निर्देशिकामा तोकिए बमोजिम नै योजना छनौट गरी योजनाहरु सम्पन्न गराउने तर्फ नगर सभाले ध्यान दिनु पर्ने देखिन्छ । | |
| ३५. | **योजना सञ्चालन र हस्तान्तरण :** आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी दिगो सञ्चालन हुने व्यबस्था मिलाउनु पर्दछ । कार्यालयबाट वित्तीय समानिकरण सडकवोर्ड र गरिवसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत यो वर्ष स्वीकृत ६४० योजनाको रु.२२ करोड ७ लाख ६० हजार विनियोजित बजेटमध्ये ६०१ योजनाको रु.१९ करोड ८० लाख २४ हजारमा सम्झौता भई ५९१ योजना रु.१८ करोड ४५ लाख २९ हजारमा सम्पन्न भएको र सम्झौता नभई कार्य हुन नसकेको रु.२ करोड २७ लाख ३५ हजारका ३६ योजना रहेको छ । योजना कितावमा सवै योजना हस्तान्तरण गर्ने फारामको व्यवस्था गरेपनि व्यवस्थित रुपमा दस्तखत गरी सवै योजनाहरु हस्तान्तरण नभएको र योजनाको अनुगमन गरी अनुगमन प्रतिवेदन समेत व्यवस्थित रुपमा तयार गरेको छैन । अतः विधिवत् रुपमा हस्तान्तरण गरी योजनाको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३६. | **बर्षान्तका सम्झौता :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३९(१४) मा ज्येष्ठ मसान्तपछि कुनैपनि नयाँ कार्यक्रम/आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन नपाउने व्यवस्था छ । कार्यालयले यस आ.व.मा जेठ मसान्तपछि विभिन्न योजनाहरु सम्झौता गरी रकम बाँडफाँड र भुक्तान गरेकाले कार्यविधि विपरीत उपभोक्ताबाट सञ्चालित ११ वटा योजनामा रु.१ करोड ७० लाख ५९ हजार खर्च भएको देखिन्छ । अत: वर्षान्तमा सम्झौता गर्ने परिपाटी अन्त्य हुनुपर्दछ । | |
| ३७. | **सम्पन्न नभएका योजना :** नगरसभाबाट पारीत भएका तथा नगरकार्यपालिकाको विभिन्न मितिको निर्णयद्वारा परिमार्जन भएका योजनाहरु सम्पन्न भएको देखिएन । योजनाको छनौट गर्दा वार्षिक रुपमा सम्पन्न हुने, वहुवर्षे योजनाको छनौट एवं कार्यान्वयन गरीनु पर्दछ । निम्न योजनाहरु सम्पन्न भएका देखिएन । | |

| सि.नं. | योजनाको नाम | संख्या | वजेट (रु.हजारमा) |
|---|---|---|---|
| १ | नगरपालिका गौरवका विभिन्न योजना | १७ | ६०२५० |
| २ | नगरपालिकाको साझेदारी कार्यक्रम | ७ | ४३१६ |
| ३ | वडातर्फका विभिन्न योजना | २८ | १३३२२ |

| | | |
|---|---|---|
| | योजना सम्पन्न हुन नसकेका कारण स्पष्ट गरेको देखिएन । कार्यसम्पन्न हुन सक्ने योजनाको पूर्वअनुमान गरी छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ३८. | **मुल्य अभिवृद्धि कर बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) बमोजिम उपभोक्ता समितिलाई निर्माण कार्य दिंदा उपनियमको खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मू.अ.कर अनुसार कट्टा गरेरमात्र भुक्तानी दिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई मू.अ.कर लाग्ने सामानको खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरेकोमा सोही बमोजिम प्राविधिक मूल्याङ्कन गर्दा मू.अ.कर समेत भुक्तानी भएकोमा केही योजनाको नमूना परीक्षणबाट कार्यालयले दिएको मू.अ.करभन्दा उपभोक्ता समितिले पेश गरेको कर वीजकमा मू.अ.कर घटी देखिएकोले उपभोक्ता समितिलाई मू.अ.कर वढी भुक्तानी भएकोले असुल हुनुपर्ने रु. --- | ५,४२,५२६.५८ |

| गो.भौ.नं.मिति | कार्य विवरण | मूल्यांकन रकम | | भुक्तानी रकम | | बढी मु.अ.कर भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| | | मु.अ.कर लाग्ने रकम | मु.अ.कर | विल रकम | मु.अ.कर रकम | |
| ३३१/ १ फेब्रअरी | जुठीगडे खानेपानी निर्माण १२ | १८५१०२.९६ | २४०६३.३९ | १२६२१४.५ | १६४०७.८८ | ७६५५.५० |
| ३१८/ ६ मार्च | दिपेन्द्र ए बि तारवार निर्माण ११ | २७९५४४.२४ | ३६३४०.७५ | २४०६५३.१ | ३१२८४.९ | ५०५५.८४ |
| ३७१/ ६ मार्च | कुनकतिया वालविकास निर्माण १३ | १८५१४.०७ | २४०६.८३ | १४२४० | १८५१.२ | ५५५.६३ |
| ४०५/ १३ मार्च | उद्योग नगर वाणिज्य भवन निर्माण ७ | १८२५५५७.७६ | ४६४७७५ | ३९०९८० | ५०८२७.४० | ४१३९४७.६० |
| ४७४/२२ मार्च | जागरण सामूहिक बहुउद्देश्य सहकारी संस्था भवन निर्माण ८ | ५९०६०.४२ | ७६७७.८५ | ४१२७९.४३ | ५३६६.३२ | २३११.५२ |
| ५०४/२५ मार्च | विमला डाँडा दर्शन उपभोक्ता निर्माण ९ | १३१६०५.२५ | १७१०८.६८ | ११६००५ | १५०८०.६५ | २०२८.०३ |
| ६५-२३ जनवरी | मातिखान साज खा.पा. यो. | ७५६२९.५४ | ९८३१.८४ | ६०३६० | ७८४६.८ | १९८५.०४ |
| १०६-२४ जनवरी | सातखम्वा छान संग्रचेन | ८७६५९.५२ | ११३९५.७४ | ६९५९८.८ | ९०४७.८४ | २३४७.८९ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०५-२४ जनवरी | कृष्ण आ.वि. घेराबार | २४८९६७.७९ | ३२३६५.८० | १८८८१७.४ | २४५४६.२६ | ७८१९.५४ |
| १०३-२४ जनवरी | गंगालाल सामुदायिक संस्था मर्मत | २३५८३७.०३ | ३०६५८.८१ | २०२५० | २६३२.५ | २८०२६.३१ |
| ९९-१६ जनवरी | ठाडोलेख सामुदायिक वन संरक्षण | ४१९०१८.८९ | ५४४७२.४६ | ३२२८७५ | ४१९७३.७५ | १२४९८.७१ |
| १६४-२६ जनवरी | धाराकल्ना खानेपानी ६ | ७३५०७.९२ | ९५५६.०३ | ६०३८० | ७८४९.४ | १७०६.६३ |
| १६९-२६ जनवरी | बादलसिम पानी सप्पलाई ६ | ७१९१५.४९ | ९३४९.०१ | ६२४०० | ८११२ | १२३७.०१ |
| २२०-९ फेब्री | पधेरी खानेखोला १२ | १८०९६९.२९ | २३५२६.०१ | १४६९५५.९३ | १९१०४.२७ | ४४२१.७३ |
| २४१-१३ फेब्री | महेन्द्र मा.वि.६ | १४८०६०.८६ | १९२४७.९१ | ९२२५३.५ | ११९९२.९६ | ७२५४.९५ |
| २६२-१४ फेब्री | जग्रीखोला खानेपानी | ९३८०२.३३ | १२१९४.३० | ६७५२५.४२ | ८७७८.३० | ३४१५.९९ |
| ३४१-१ फेब्री | जनकल्या आ.वि.घेरावार ५ | १८७११०.४५ | २४३२४.३६ | ८६३२५ | ११२२२.२५ | १३१०२.११ |
| ३५७-३ मार्च | पंचमउल आ.वि. पर्खाल निर्माण | २००२३४.२१ | २६०३०.४५ | ११९०७५.४२ | १५४७९.८ | १०५५०.६४ |
| ३५२/०७५/२/३१ | सहिद धर्मभक्ता आ.वि.घेरावार ७ | ७९२११.६९ | १०२९७.५२ | ६९४७५ | ९०३१.७५ | १२६५.७७ |
| ४४०-०७५/३/१९ | वडा कार्यालय मर्मत तथा तला थप घेरावार ११ | ४२३२५०.५६ | ५५०२२.५७ | ३३२५८७.२१ | ४३२३६.३४ | ११७८६.२४ |
| ५४६-०७५/३२ | भैरव आ.वि. भवन निर्माण ११ | ९५६७३.९९ | १२४३७.६२ | ६८३३६.२६ | ८८८३.७१ | ३५५३.९० |
| | **जम्मा** | **५१२०२३४.२६** | **८९३०८२.९३** | **२६९६५८६.९७** | **३५०५५६.२८** | **५४२५२६.५८** |

३९. **कर बीजक :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) बमोजिम प्रत्येक व्यक्तिले तोकिए बमोजिमको अवस्थामा वाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर वीजक दिनुपर्ने व्यवस्था छ । त्यसै गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) बमोजिम प्रापकलाई अनुसूची-५ र ५(क) बमोजिमको ढाँचामा कर वीजक दिनुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत देहायको निर्माण कार्य गरेकोमा प्राविधिक मूल्याङ्कन अनुसार मेशिन र मानिसबाट ९०:१० को अनुपातमा कार्य भएको कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखियो । मेशिनबाट सडक खन्ने र भवनको जग खन्ने आदि कार्य गराएकोमा सम्बन्धित निर्माण व्यवसायीबाट कर वीजक लिई उपभोक्ता समितिले पेश गरेको आधारमा रकम भुक्तानी गर्नुपर्नेमा कर वीजक बेगर भुक्तानी गरेको देखिन्छ ।

| गो.भा.नं. मिति | योजना | कामको विवरण | मूल्यांकन रकम | | वीजक हुनुपर्ने | वीजक भएको | नपुग वीजक रकम | मू.अ.कर रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यालय | उपभोक्ता | | | | |
| ३२९-०७५/३/३ | वडा कार्यालय भवन वडा नं.२ | भवनको जग खन्ने कार्य | १०४८६३.५० | ० | १०४८६३.५० | ० | १०४८६३.५० | १२०६३.९४ |
| २६०-०७५/२/१३ | भजनिया पिपलधाडी सडक निर्माण | सडक निर्माण | ४५१९००.२४ | ६५७८९.२६ | ४०६७१०.२१ | ० | ४०६७१०.२१ | ४६७८९.६७ |
| ३६९-०७५/३/६ | माथिलो डुडेश्वर बैशाला गल्लेधारा मर्मत | सडक मर्मत | ६४८२१६.०० | २२६८४५.६७ | ५८३३६४.०० | २९४९३०. | २८८४६४.०० | ३३१८६.०० |
| | | **जम्मा** | **१२०४९७९.८३** | **२९२६३४.९३** | **१०९४९६७.८९** | **२९४९३०** | **८०००३७.७१** | **९२०३९.६१** |

कर वीजक बेगर भुक्तानी गर्दा कार्य भएको यकिन नहुने र मू.अ.कर समेत बढी भुक्तानी हुने भएकाले कर वीजक पेश हुनुपर्ने अन्यथा उपभोक्ता समितिबाट मू.अ.कर रकम रु.९२०,३९।६१ असुल गरी खर्च लेखेको रु.८,००,०३७।७१ नियमित गर्नुपर्ने रु. ८,००,०३७.७१

४०. **मेसिनबाट फरक दरमा कार्य गराएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा एक्साभेर/डोजर प्रयोग गर्न

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | नसकिने र जटिल प्रकृतिका कार्य मेशिन प्रयोग गर्दा मेशिनबाट ९० प्रतिशत र मानिसद्वारा १० प्रतिशतको नर्म्सका आधारमा लागत अनुमान तयार गरेको देखियो । जिल्ला प्राविधिक कार्यालयले तयार गरेको आर्थिक वर्ष २०७४।७५ जिल्ला दररेटमा डोजरको भाडा सुर्खेत जिल्लाको लाई मान्ने उल्लेख गरेको, सुर्खेत जिल्लाको आर्थिक वर्ष २०७४।७५ को जिल्ला दररेटमा विभिन्न यान्त्रिक उपकरणहरुको भाडा दररेट (इन्धन वाहेक) मिति २०६५।५।२३ को मन्त्रिस्तरीय निर्णय अनुसार सडक विभाग अन्तर्गतका निकायहरुको भाडा दररेट (संशोधित भएमा सोही अनुरुप) अनुसार कायम गर्ने उल्लेख गरेको देखियो । सदरमूकाममा रहेको वीरेन्द्रनगर नगरपालिका, सुर्खेत एवं नारायण नगरपालिका, दैलेखले डोजर/एक्साभेटरको भाडा रु.१,८००।- प्रतिघण्टा (इन्धन वाहेक) मा कार्य गराएको र दैलेखको ग्रामीण भेगका न.पा./गा.पा.(डुङ्गेश्वर, गुँरास र नौमुले) लगायत धेरैजसोले समेत रु.२,२००।- र २,३००।- दरमा डोजर प्रतिघण्टाका दरले नर्म्स निर्धारण गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको देखियो । कुनै पनि निकायले एउटै क्षमताका मेशिनको एकरुपमा भाडादर प्रयोग नगरेको र केही नगर/गाउँपालिकाले कार्यपालिकाको बैठकबाट निर्णय समेत गराएको पाइयो । यस नगरपालिकाले नगर कार्यपालिकाको निर्णयबाट प्रतिघण्टा रु.३,०००।- निर्धारण गरी सोही आधारमा लागत अनुमान तयार गरी प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी गरेकोले भौगोलिक विकटता, इन्धनक ढुवानी, डोजरको आतेजाते समयलाई आधार मानी औचित्यको आधारमा सरदर रु.२,३००।- प्रतिघण्टालाई आधार लिई सोभन्दा बढी भुक्तानी भएको हकमा बढी खर्च रकम असुल गर्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण निम्न छन् : | |

| गो.भा.नं.र मिति | कामको विवरण | प्रकार | मूल्यांकन रकम | | | भुक्तानी हुनुपर्ने रकम | | श्रमदान समेत फरक | बढी व्ययभार परेको रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण (घ.मी.) | दर | मूल्य | दर | मूल्य | | |
| २३९-०७५/२/१३ | शान्ति बजार टिमूर गाउँ डाडाँ आवत जावत सडक | कडा माटो परिणाम | ५०९६.२५ | ९९.८७ | ५०८९६२.४८ | ८६.५२ | ४४०९२७.५५ | ६८०३४.९४ | ४९०१९.१७ |
| २४१-०७५/२/१३ | महेन्द्र जयदेवी मा.वि. पूर्वाधार निर्माण | कडा माटो परिणाम | ७००० | ९९.८७ | ६९९०९० | ८६.५२ | ६०५६४० | ९३४५०.०० | ७९४६०.५३ |
| ३६०-०७५/३/३ | वडा कार्यालय १ | कडा माटो परिणाम | १९८० | ९९.८७ | १९७७४२.६ | ८६.५२ | १७१३०९.६ | २६४३३.०० | २३२६१.०४ |
| ३२९ | वडा कार्यालय २ | कडा माटो परिणाम | १०५० | ९९.८७ | १०४८६३.५ | ८६.५२ | ९०८४६ | १४०१७.५० | ११८३३.५७ |
| ३५१-०७५/२/३१ | विकुरे वडा कार्यालय सडक मर्मत १३ | कडा माटो परिणाम | ३५४२.५ | ९९.८७ | ३५३७८९.४७ | ८६.५२ | ३०६४९७.१ | ४७२९२.३८ | ३४२०६.५७ |
| ५७९ -०७५/३/६ | तोरायाँ भूकादा मालिघाट सडक | कडा माटो परिणाम | १२५२७.५ | ९९.८७ | १२५११२१.४३ | ८६.५२ | १०८३८७९.३ | १६७२४२.१३ | १२५९१६.६ |
| ३६९ -०७५३/२५ | माथिल्लो डुगेश्वर वैशालागल्ले धारा मर्मत समिति ४ | कडा माटो परिणाम | ६१०२.६ | ९९.८७ | ६०९४६६.६६ | ८६.५२ | ५२७९९६.९५ | ८१४६९.७१ | ७२९२०.६० |
| ३६९ -०७५३/२५ | माथिल्लो डुगेश्वर वैशालागल्ले धारा मर्मत समिति ४ | नरम चट्टान | १५२५.६५ | १७४.०७ | २६५५६९.८९ | १६२.९५ | २४८६०४.६६ | १६९६५.२३ | |
| ४३६ -०७५/३/१९ | चोर सल्ला खेलकूद मैदान निमार्ण | कडा माटो परिणाम | ३६४७.५ | ९९.८७ | ३६४२७५.८२ | ८६.५२ | ३१५५८१.७ | ४८६९४.१३ | ३८७०२.०९ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६७५-०७५/३/२७ | रावलडाडा पाल कस्यिा सडक नि.स. | कडा माटो परिणाम | ४९४४.७५ | ९९.८७ | ४९३८३२.१८ | ८६.५२ | ४२७८१९.७७ | ६६०१२.४१ | ५११८६.०२ |
| ६७५-०७५३/२७ | द्रोणाचल क्याम्पस गेट फिल्ड निर्माण, दुल्लु ७ | कडा माटो परिणाम | ८८५० | ९९.८७ | ८८३८४९.५ | ८६.५२ | ७६५७०२ | ११८१४७.५० | १०४३८३.३२ |
| ४८६ -०७५/३/२२ | कालिकामन्दिर सडक तथा फिल्ड निर्माण | कडा माटो परिणाम | २४३५.१६ | ९९.८७ | २४३१९९.४२ | ८६.५२ | २१०६९०.०४ | ३२५०९.३९ | २४४९९.०७ |
| ३०२/ ०७५/२/२० | स्वास्थय चौकी नाउली गौडा सडक निर्माण | कडा माटो परिणाम | १३२३६.९९ | ९९.८७ | १३२१९७८.१९ | ८६.५२ | ११४५२६४.३७ | १७६७१३.८२ | १२५९२६.२७ |
| १८४ -०७५/१/२६ | भजनिया पातलपाटा सडक निर्माण उय.स. | कडा माटो परिणाम | ११८९३.९ | ९९.८७ | ११८७८४३.७९ | ८६.५२ | १०२९०६०.२२ | १५८७८३.५७ | |
| १८४ -०७५/१/२६ | भजनिया पातलपाटा सडक निर्माण उय.स. | नरम चट्टान | २३१ | १७४.०७ | ४०२१०.१७ | १६२.९५ | ३७६४१.४५ | २५६८.७२ | १२४०६३.७८ |
| २६० -०७५/२/१३ | भजनिया खेपलघडि सडक निर्माण | कडा माटो परिणाम | ४५२४.७४ | ९९.८७ | ४५१८८५.७८ | ८६.५२ | ३९१४८०.५० | ६०४०५.२८ | |
| २६० -०७५/२/१३ | भजनिया खेपलघडि सडक निर्माण | कडा माटो परिणाम | ३७७.९४ | ९९.८७ | ३७७४४.८६ | ८६.५२ | ३२६९९.३६ | ५०४५.५० | ५२१०५.३६ |
| २७१/ ०७५/३/१३ | अमेनापिरु सडक ३ | कडा माटो परिणाम | ५५४९ | ९९.८७ | ५५४१७८.६३ | ८६.५२ | ४८००९९.४८ | ७४०७९.१५ | ५७७९६.५५ |
| ४११/ ०७५/३/१३ | तियाडी मन्दिर | कडा माटो परिणाम | ४३२५.२१ | ९९.८७ | ४३१९५८.७२ | ८६.५२ | ३७४२१७.१६ | ५७७४१.५५ | ४३१२७.१६ |
| ९७/ ०७५/१/२३ | नामिस्थान राजाकाँध चौतारा | कडा माटो परिणाम | ७५७२.७९ | ९९.८७ | ७५६२९४.५३ | ८६.५२ | ६५५१९७.७९ | १०१०९६.७५ | ७५३९७.९५ |
| १५५/ ०७५/१/२६ | टियातिदु टुछिखोला छुङग्यान सडक निर्माण उ.स. | कडा माटो परिणाम | ६२३८.८४ | ९९.८७ | ६२३०७२.९५ | ८६.५२ | ५३९७८४.४३ | ८३२८८.५१ | ६२७५७.८९ |
| २१३/ ०७५/२/९ | मया भुवाचैरतरियास डक | कडा माटो परिणाम | ५९९१.८ | ९९.८७ | ५९८४०१.०६ | ८६.५२ | ५१८४१०.५३ | ७९९९०.५३ | |
| २१३/ ०७५/२/९ | मया भुवाचैरतरियास डक | नरम चट्टान | ४८७.१३ | १७४.०७ | ८४७९४.७१ | १६२.९५ | ७९३७७.८३ | ५४१६.८९ | ६५८९१.८२ |
| ३७९-०७५/०३.०६ | मालिका मन्दिर लालसैन सडक निर्माण | कडा माटो परिणाम | ३८५२.०९ | ९९.८७ | ३८४७०८.२३ | ८६.५२ | ७९३७७.८३ | ३०५३३०.४ | २२७९९०.२१ |
| ३३४/ ०७५/२/३० | कयलकुना तोरायावैंक सडक स्तरोन्नती | कडा माटो परिणाम | ६४०५.३१ | ९९.८७ | ६३९६९८.३१ | ८६.५२ | ५५४१८७.४२ | ८५५१०.८९ | ६२७६४.९९ |
| | **जम्मा:** | | | | **१२७०३८२४.६५** | | **११०३२९१५.२१** | **१६७०९०९.४८** | **१५१३२१०.५६** |

उपभोक्ता समितिले सडकको ग्रेड र माटो मिलाउने एवं खन्ने कार्य मेशिनबाट गरेकोमा सो उपकरणको स्वामित्व स्पष्ट उल्लेख भएको देखिएन । तदनुरुप अंश निर्धारण गर्दा (डोजर/एक्साभेटर) भाडामा एकरुपता नहुनुका साथै नगर कार्यपालिकाले समेत सार्वजनिक खरिद नियमावलीको नियम ११ बमोजिम लागत अनुमान तयार नगरी सोझै दर निर्धारण गर्दा बढी व्ययभार परेको रु. १५१३२१०.५६

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४१. | **बढी ग्रेड भुक्तानी :** तलवी प्रतिवेदन पारित भए बमोजिम ग्रेड रकम भुक्तानी गर्नुपर्नेमा खरिदार सम्राट सिह ठकुरीको असोज र कार्तिक महिनामा पारित गरेकोभन्दा बढी रु.२१६१।- भुक्तानी दिएको रकम असुली हुनुपर्ने रु. | २,१६१/- |
| ४२. | **रकमान्तर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहले स्वीकृत बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । कार्यालयले भौ.नं.१४८ मिति २०७५।३।३१ बाट अनलाइन व्यक्तिगत घटना दर्ता तथा मेलमिलापकर्ता र न्यायिक समितिका पदाधिकारीलाई तालिम दिन भनी तलव शीर्षकमा छुट्याइएको रु.२,१६,०००।- लाई रकमान्तर गरी अन्य भत्तामा खर्च गरिएको अनियमित देखिएको रु. ---- | २,१६,०००/- |
| | **व.उ.सि.न.३६५८४७३** | |
| ४३. | **फिल्टर वितरण** : भौ.नं.९ मिति २०७५।३।२५ बाट बहुक्षेत्रिय पोषण अर्न्तगत खानेपानी तथा सरसफाइसंग सम्बन्धित कार्यक्रमका लागि खरिद गरिएको ११० थान फिल्टर रु.१,२६,५००।- मा खरिद गरी हालसम्म वितरण गरेको नदेखिएकोले गरिएको बजेट खर्चबाट प्रतिफल प्राप्ती हुन नसकेको र सामग्री मौज्दात रहेकाले वितरण गरेको भरपाई पेश हुनुपर्ने रु. | १,२६,५००/- |
| | **सामाजिक सुरक्षा अनुदान (ब.उ.शि.नं.३६५०१५३)** | |
| ४४. | **सामाजिक सुरक्षा अनुदान :** सामाजिक सुरक्षा भत्ता वितरणका लागि यस कार्यालयलाई रु.६ करोड ६० लाख ३८ हजार बजेट विनियोजन भई रु.६ करोड ३८ लाख ६ हजार २ सय निकासा/खर्च भई रु.२२ लाख ३१ हजार ८ सय संघीय संचित कोषमा फिर्ता भएको पाइयो । बढी निकासा एवं खर्च भएका पहिलो र पाँचौ वडाको भरपाई परीक्षण गरिएको र अन्य वडाको सामाजिक सुरक्षा खर्चको हकमा पेश्की खर्च, बैंक दाखिला रकम, वित्तीय सूचना प्रणाली (MIS) र मन्त्रालयबाट प्राप्त विवरणलाई मात्र भिडान गरी परीक्षण गरिएको छ । पेश्की फाँटवारी परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन् : | |
| ४५.१ | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चका बिल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष नगर कार्यपालिकाका सचिवहरुलाई प्रथम, दोस्रो र तेस्रो किस्ता सामाजिक सुरक्षा भत्ता रु.६,५१,५२,६००/- पेश्की दिएकोमा रु.६,३७,५५,०००।- को फाँटवारी र रु.१३,९७,६००।- दाखिला गरेको बैंक भौचरको आधारमा पेश्की फछ्र्यौट गरेकोमा देहाय अनुसार दोहोरो भुक्तानी गरेको रकम रु.२०,०००/- असुल गर्नुपर्ने देखिएको रु. | २०,०००/- |

| गो.भा.नं. मिति | पेश्की लिनेको नाम | दोहोरो भत्ता वुभिलिनेको नाम | वडा नं. | प्रकार | दोहोरो परेको रकम | दाखिला रकम | नपुग रकम |
|---|---|---|---|---|---|---|---|
| ८/०७४/९/१८ | मधुसुदन उपाध्याय | टिप्पुरी दमै ना.प्र.नं.९७ | ९ | जेष्ठ ना. | ८००० | ० | ८००० |
| भर्पाई को सि.नं. | नाम | जन्म मिति | वडा नं. | नागरिकता नं. | वुझेको रकम | प्रकार | कैफियत |
| ४६२ | मनी कमेनी | २०१४/१/२ | १३ | ६२१ | ४०००/- | दलित जेष्ठ | नभिडेको |
| ४६३ | लाले कामी | २०१४/२/१ | १३ | १७९२ | ४०००/- | ,, | ,, |
| ४६४ | नाकला कामी | २०१४/३/३० | १३ | २९ | ४०००/- | ,, | ,, |
| जम्मा | | | | | **२००००/-** | | |

| | | |
|---|---|---|
| ४५.२ | (१) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम र आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम नगरपालिकामा बैंक मार्फत वितरण गरिने उल्लेख छ । यो वर्ष नगरपालिकाले | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनीय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ ।<br>(२) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाउँपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूची-५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोही प्रमाणका आधारमा वित्तीय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पूरा भएपछि वा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोभै सफ्टवेयर इन्ट्री गरेको, सम्बन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोभै गर्ने गरेको, अनुसूची-८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरी प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोभै हटाउने र थप्ने कार्य भएको, वित्तीय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तीय सूचना प्रणाली भरपर्दो र विश्वसनीय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ ।<br>(३) कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची-८(क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन । | |
| | **आन्तरिक आय** | |
| ४५. | **आन्तरिक आय :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । सोही ऐनको दफा १३(१) बमोजिम आफ्नो जिम्मा भएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उपदफा २ बमोजिम म्यादभित्र दाखिला गर्न नसके म्याद थपको अनुरोध गरेमा मनासिव भए म्याद थप हुनसक्ने र उपदफा ४ बमोजिम सो अनुरुप नगर्ने उपर जरिवाना एवं विभागीय कारबाही समेत गर्ने उल्लेख छ । यस वर्ष कार्यालय र अन्तर्गतका १३ वटा वडा कार्यालयबाट मालपोत, सिफारिस, पञ्जिकरण, लगायतका शीर्षकमा आन्तरिक आम्दानी गर्न रसिद नं.२००१ देखि ६००० सम्मका ८० ठेली नगदी रसिद नियन्त्रण खातामा उल्लेख गरेपनि कुन कुन नम्वरका ठेली कस कसलाई बुझाएको भरपाई नभएको र २२ ठेली कार्यालयमा फिर्ता भएबाट रु.२२८८२५८.४६ आन्तरिक आम्दानी गरेको देखियो । वडा कार्यालय, नगदी रसिद प्याड संख्या र वुझिलिनेको पद, नाम, थर समेत खुल्ने गरी बुझाएको भर्पाई नभएको र वितरण भएको जनाएका ठेली समेत कार्यालयमा फिर्ता भई उठेको रकम दाखिला भएको भिडान गर्ने म.ले.प. फा नं.१०८, १०८(क) समेतको लेखा नराखेबाट असूली भएको रकम दाखिला भएको छ छैन यकिन गर्ने अवस्था रहेन । नगदी रसिद नियन्त्रण खाता, नगदी रसिद र वैंक दाखिला रकम भिडान हुने गरी लेखा नराखेका कारण असुल भएको रकम हिनामिना समेत हुने सम्भावना देखिएकोले जिन्सी खातामा आम्दानी गरी वितरण गरेका रसिद यकिन गरी प्रयोग भएको र प्रयोग हुन बाँकी रसिद यकिन गरी कार्यालयले छानबिन गरी आन्तरिक आम्दानी | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>दुरुस्त राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४६.</td><td>प्रशासनिक खर्च : कार्यालयले आन्तरिक आम्दानी गत बर्षको रु.१७,७९,६६६।७२ र यस बर्षको रु.२२,८८,२५८।४६ समेत रु.४०,६७,९२५।१८ रहेकोमा प्रशासनिक खर्च रु.३४,५३,०००।- खर्च गरेबाट गत वर्षको कुल आम्दानीको ८४.८८ प्रतिशत र यस बर्षको आम्दानीको तुलनामा १५०.९० प्रतिशत खर्च भएको देखियो । आन्तरिक आम्दानी भन्दा प्रशासनिक खर्च बढि देखिएको हुँदा प्रशासनिक खर्चमा सीमा तोकी खर्च गर्ने परिपाटीको थालनी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४७.</td><td>वित्तीय जवाफदेहिता मूल्याङ्कन : कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "B" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४८.</td><td>बेरुजू - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१० लाख ७५ हजार, अनियमित बेरुजू रु.७५ लाख ११ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.७९ लाख ८६ हजार र पेश्की बाँकी देखिएको रु.६० लाख ७० हजार समेत रु.२ करोड २६ लाख ६२ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>४९.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>गत वर्षको बेरुजू रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>६४३००००/-</td><td>-</td><td>६४३००००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०.</td><td>अद्यावधिक बेरुजू स्थिति : दुल्लु नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) ©</th><th>यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)</th><th>यो वर्षको कायम बेरुजू रु. (E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>६४३००००/-</td><td>-</td><td>२२६६२२८७.८३</td><td>२९०९२२८७.८३</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची– १

# दुल्लु नगरपालिका
## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | अशुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | दैलेख | दुल्लु नगरपालिका | ३६ | १८ | २२६६२ | ० | ० | ० | ३६ | १८ | २२६६२ | १०९५ | ७५११ | ७९८६ | - | - | १६५९२ | - | ६०७० | ६०७० |
| २. | | | | | | | | | ० | ० | ० | | | | | | ० | | | ० |
| ३. | | | | | | | | | ० | ० | ० | | | | | | ० | | | ० |
| ४. | | | | | | | | | ० | ० | ० | | | | | | ० | | | ० |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | दुल्लु नगरपालिका | दैलेख | ८९०५ | २७३४८५ | २४३४८९ | ६७९४ | ५२३७६८ | २६४६३८ | १४६४८१ | ८५९ | ४११९७८ | १२०६९५ |